## लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः ९ संख्याः ०१ मितिः २०८३/०३/३१


## भाग -१

## लालीगुराँस नगरपालिका, तेह्रथुम

# लालीगुराँस नगरपालिकाको आर्थिक ऐन, २०८३

नगर सभाबाट पारित मितिः २०८३।०३।२८

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८३।०३।३०

**प्रस्तावनाः** लालीगुराँस नगरपालिका, तेह्रथुमको आर्थिक वर्ष २०८३।८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

लालीगुराँस नगरपालिकाको अठारौं नगर सभा अधिवेशनको दोस्रो बैठकले यो ऐन पारित गरी लागु गरेकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "लालीगुराँस नगरपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन सभाबाट स्वीकृत भई नगर प्रमुखबाट प्रमाण गरी लालीगुराँस राजपत्रमा प्रकाशित भए पश्चात् लागू हुनेछ।

२. **सम्पत्ति करः** घर र सो घरले चर्चेको जग्गामा अनुसूची १ बमोजिम सम्पत्ति कर असूल गरिनेछ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वा जग्गा वहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर वा जग्गा वहाल कर लगाइने र असुल उपर गरिनेछ।

५. **बहाल बिटौरी शुल्क:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत् अनुसूची ४ बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

६. **सवारी साधन कर:** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ५ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

७. **व्यवसाय कर:** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूची ६ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

८. **विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **सेवा शुल्क, दस्तुर:** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची ८ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको र अन्य सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार दर्ता, सिफारिस, शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ।

१०. **पार्किङ्ग शुल्क:** नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकिय क्षेत्रहरुमा नगरपालिकाले उपलब्ध गराएको पार्किङ्ग सुविधा बापत अनुसूची ९ बमोजिमको पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **हाट बजार कर:** नगरपालिका क्षेत्रभित्र हुने हाट बजारमा अनुसूची १० बमोजिमको हाटबजार कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१२. **कवाडी कर:** नगरपालिका क्षेत्रभित्रबाट निकाशी हुने पत्रु/कवाडी सामानहरुमा अनुसूची ११ बमोजिमको कवाडी कर लगाइने र असुल उपर गरिनेछ।

१३. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। तर, नगर सभा अधिवेशनको निर्णयले कर छुट दिने भनी उल्लेख गरेकोमा सोही बमोजिम हुनेछ।

१४.**<u>प्रोत्साहन सम्बन्धी व्यवस्था:</u>** राजस्वको दायरा अभिवृद्धि गर्न एवम् कर संकलन कार्यमानपरिचालन हुने व्यक्ति वा निकाय वा कर्मचारी वा जनप्रतिनिधिलाई कार्यपालिकाले निर्णय गरी उपयुक्त प्रोत्साहन दिन सक्नेछ।

१५.**<u>राजश्व संकलन सम्बन्धी प्रमुख दायित्वः</u>** (१) यो ऐनमा भएको व्यवस्था अनुसार नगर कार्यपालिकाको कार्यालयबाट असुल गरिने राजश्वका हकमा राजश्व हेर्ने शाखा प्रमुख तथा सम्बन्धित शाखा/उपशाखाका कर्मचारीको राजस्व संकलन सम्बन्धी प्रमुख दायित्व हुनेछ।

(२) नगरपालिका क्षेत्रभित्रका वडा कार्यालयबाट असूल गरिने राजस्वका हकमा सम्बन्धित वडाका वडा सचिवले स्वीकृत राजस्व दरबन्दी बमोजिमको राजस्व सम्बन्धित सेवाग्राहीबाट संकलन गरेर राजस्व भौचर समेत संलग्न राखी आफ्नो वडाका वडा अध्यक्ष समक्ष प्रचलित कानून बमोजिम जारी हुने सिफारिसका पत्रहरु तयार गरी पेश गर्नु पर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्रका वडाका वडा अध्यक्षहरुले समेत उपदफा (२) मा उल्लिखित प्रकृया पूरा भए/नभएको हेर्दै सम्बन्धित सेवाग्राहीले तिर्नु वा बुझाउनु पर्ने राजस्व रकम तिरेको ठहर भएमा मात्र प्रचलित कानून बमोजिमका सिफारिस पत्रहरु नियमानुसार जारी गर्नु पर्नेछ।

१६.**<u>राजस्वको दर तोक्ने विशेषाधिकार:</u>** यो ऐनले तोकेको दर र दायराभन्दा बाहेकको विषयमा राजस्व निर्धारण गर्नुपर्ने स्थिति आइपरेमा नगर कार्यपालिकाले दर र दायरा निर्धारण गर्न सक्नेछ ।

## अनुसूची १
## सम्पत्ति कर

लालीगुराँस नगरपालिकाद्धारा आ.व २०८३।८४ का लागि सम्पत्तिकरको मूल्यांकन प्रयोजनका लागि भौतिक संरचनाको मूल्यांकन दर, बर्गिकरण र आयु ।

| सि.नं. | भौतिक संरचनाको वर्गिकरण | संरचनाको मूल्याङ्कन प्रति तल्ला | ह्रास कट्टिदर | कट्टी गर्ने जम्मा वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १. | पक्की ढलान घर | १००००००।- | १% | ७५ | |
| २. | कर्कट पाताले बनेको घर | १५००००।- | २% | ५० | |
| ३. | खरको छाना भएको घर | १०००००।- | ३% | ५० | |

## अनुसूची २
## भूमि कर (मालपोत)

लालीगुराँस नगरपालिकाद्धारा आ.व २०८३।८४ का लागि भूमि कर (मालपोत) प्रयोजनका लागि नगरपालिका क्षेत्रभित्र रहेका जग्गाहरुको वर्गिकरण तथा मुल्याङकन दर:

**१.कोशी तथा मध्य पहाडी राजमार्ग ले छोएको ३० मिटर सम्मको दाँयाबाँयाको क्षेत्र:**

| क्र.सं. | जग्गाको विवरण | न्युनतम मूल्याङ्कन प्रति रोपनी रु. | कैफियत |
|---|---|---|---|
| **१.** | **चित्रे बजार** | | |
| क | ल.न.पा.वडा नं. ४ चित्रे, जिल्ला सिमानाबाट दुग्ध चिस्यान केन्द्र सम्म | २४००००० | |
| ख | दुग्ध चिस्यान बाट ला.न.पा.वडा नं. ४ सिमाना सम्म | १६००००० | |
| **२.** | **बसन्तपुर बजार** | | |
| क | ला.न.पा.वडा नं. २ भुल्केधारामोड बाट वडा नं. १ को सिमाना सम्म | ८०००००० | |

| | | | |
|---|---|---|---|
| ३. | ला.न.पा.वडा नं. १ गाँडेपात्ले देखि टुटेदेउराली | २४०००००० | |
| ४. | ला.न.पा.वडा नं. १ डाँडाखर्क देखि वडा नं. १ माबोहाङ खोल्सी | ४०००००० | |
| ५. | ला.न.पा.वडा नं. १ माबोहाङ खोल्सी बाट वडा नं. १ कागज फ्याक्ट्रि सम्म | २५००००० | |
| ६. | ला.न.पा.वडा नं. १ गुम्बा देखि वडा नं. १ रातोपाटि सम्म | १६००००० | |
| ७. | ला.न.पा. वडा नं. ७ च्याक्चे देखि वडा नं. ७ छिरुवा खोल्सी सम्म | १५०००० | |
| ८. | ला.न.पा.वडा नं. ७ फिर्के बजार बाट वडा नं. ७ रमिते डाडा | २४००००० | |
| ९. | ला.न.पा.वडा नं. ७ रमितेडाँडा बाट व वडा नं. ९ को लसुने बजार | ३२००००० | |
| १०. | ला.न.पा.वडा नं. ९ काँडे देखि पिंगुवा सम्म | १५०००० | |

**२. जिल्ला मार्ग रिङ्ग रोड, प्रमुख कलेक्टर रोडको दाँयाबाया ३० मिटर क्षेत्रभित्रः**

| क्र.सं. | जग्गाको विवरण | न्युनतम मूल्याङ्कन प्रति रोपनी रु. | कैफियत |
|---|---|---|---|
| १. | मंगलबारे बजार क्षेत्र सल्ला डाँडा देखि एकसरे खोल्सी सम्म (वडा नं. ६ र ८) | ५००००० | |
| २. | शनिश्चरे बजार क्षेत्र (चिया फ्याक्ट्रि देखि बास्तोला खोल्सी सम्म (वडा नं. ९) | ३००००० | |
| ३. | चिस्यान लसुने बजारबाट महेश्वर पाटि सम्म (वडा नं. ७ र ९) | १०००००० | |
| ४. | सोल्मा बजार क्षेत्र पांग्रेबारी देखि वडा नं. ८ को वडा कार्यालयसम्म (वडा नं. ८) | ५००००० | |
| ५. | सोल्मा बजार क्षेत्र वडा नं. ८ को वडा कार्यालयदेखि निधिनाथ बारी सम्म | ३००००० | |

| | | | |
|---|---|---|---|
| ६. | बाँकी सबै वडाकार्यालयका केन्द्रबाट १०० मिटर आसपास | ३०००००० | |
| ७. | नयाँ शहरको लागि शहरी बिकासले निमार्ण गर्ने घडेरी हरु | २४०००००० | |

**पुनश्च:** माथि उल्लेख हुन छुट भएका तथा नयाँ ट्र्याक खोलिएका सडकसगँ जोडिएका ३० मिटर दायाँ वायाँको जग्गाको मूल्यांकन सम्वन्धित व्यक्तिको घोषणा, नगरपालिका कार्यालयको सिफारिस प्रतिबेदन अनुसार नगर कार्यपालिकाबाट स्विकृत भए पश्चात् कायम हुने छ। साथै उल्लेखित क्षेत्र बाहेकका अन्य जग्गालाई पाखाबारी, खेतियोग्य जमिन मानि प्रति रोपनी रु २५,०००।०० मूल्याङ्कन गरिएको छ। मूल्याङ्कनमा समाबेश भएका जग्गाहरुमा जग्गाको मुखले मात्र मुख्य सडक छोएको र बाँकी जग्गा सडकले नछोएको र जग्गाको क्षेत्रफल धेरै भएको अवस्थामा सडकले छोएको र नछोएको क्षेत्रफल सम्बन्धित व्यक्तिको स्वःघोषणा लाई नै आधार मानि मूल्याङ्कन गरिनेछ।

**आ.व २०८३।८४ मा सम्पति कर/भूमिकर (मालपोत) निर्धारणको लागि तोकिएको दररेटः**

| क्र.सं. | देखि | सम्म | सम्पति कर/भूमिकर (मालपोत) को दर रेट (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | १ | ५००००० | १०० | |
| २. | ५००००१ | १०००००० | २०० | |
| ३. | १००००००१ | १५०००००० | ३०० | |
| ४. | १५००००१ | २०००००० | ४०० | |
| ५. | २०००००१ | २५००००० | ५०० | |
| ६. | २५००००१ | ३०००००० | ६०० | |
| ७. | ३०००००१ | ३५००००० | ७५० | |
| ८. | ३५००००१ | ४०००००० | १००० | |
| ९. | ४०००००१ | ४५००००० | १५०० | |
| १०. | ४५००००१ | ५०००००० | २००० | |
| ११. | ५०००००१ | ६०००००० | ३००० | |
| १२. | ६०००००१ | ७०००००० | ४००० | |
| १३. | ७०००००१ | ८०००००० | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| १४. | ८०००००१ | ९०००००० | ६००० | |
| १५. | ९०००००१ | १००००००० | ७००० | |
| १६. | १०००००००१ | १५०००००० | ८५०० | |
| १७. | १५००००००१ | २००००००० | १०००० | |
| १८. | २००००००१ | २५०००००० | १२५०० | |
| १९. | २५०००००१ | ३००००००० | १५००० | |
| २०. | ३००००००१ | ३५०००००० | १७५०० | |
| २१. | ३५०००००१ | ४००००००० | २०००० | |
| २२. | ४००००००१ | ४५०००००० | २२५०० | |
| २३. | ४५०००००१ | ५००००००० | २५००० | |
| २४. | ५००००००१ | माथि | १ रुपैयाँ प्रति हजार | |

**द्रष्टव्यः** आर्थिक वर्षको अन्त्यसम्म कर नबुझाई बक्यौता रहन गएमा बक्यौता रहन गएको सबै रकममा पहिलो बर्षको बक्यौता रहेमा १० प्रतिशत, दोस्रो बर्षको बक्यौता रहेमा २० प्रतिशत, तेस्रो बर्षको बक्यौता रहेमा ३० प्रतिशत,चौथो बर्षको बक्यौता रहेमा ४० प्रतिशत, पाँचौ बर्षको बक्यौता रहेमा ५० प्रतिशत र सो भन्दामाथि बक्यौता रहेमा ६० प्रतिशत जरिवाना सहित असुरउपर गरिनेछ। साथै प्रत्येक आ.व को असोज मसान्तभित्रमा सम्पत्ति/भुमिकर तिर्ने करदातालाई १०% छुट दिइनेछ।

**द्रष्टव्यः आ.व ०७२/७३ भन्दा अघिको बक्यौतामा प्रति रोपनी रु. ५ ले भूमिकर/मालपोत लगाइनेछ।**

## अनुसूची ३

## घर वा जग्गा वहाल कर

आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्झौतामा उल्लेख भएबमोजिम बहाल रकमको १०% दश प्रतिशत बहाल कर लगाईनेछ।

## अनुसूची ४

## बहाल बिटौरी शुल्क (सार्वजनिक जग्गामा बनेका घर)

| क.सं. | घरको वनोट | आ .व. २०८३/८३ को लागि | | कैफियत |
|---|---|---|---|---|
| | | बजार क्षेत्र | बजार क्षेत्र बाहेक | |
| १. | फुसको छानो भएको | १०० | ५० | |
| २. | कर्कट पाताले बनेको घर | २०० | १०० | |

| | | | | |
|---|---|---|---|---|
| ३. | पक्की ढलान भएको घर | १००० | ५०० | |

## अनुसूची ५

## सवारी दर्ता तथा संचालन ईजाजत -सवारी साधन कर

- टेम्पो, इ रिक्सा, अटो रु. १००० (वार्षिक)
- ठेलागाडा तथा रिक्सामा रु. ५०० (वार्षिक)

## अनुसूची ६

## व्यवसाय कर (नवीकरण समेत)

**(पुँजीमा आधारित व्यवसायको हकमा करदाता स्वयंले पेश गरेको पुँजी लगानीका आधारमा)**

| क्र.सं | १. व्यापारिक बस्तु | कायम दर (रु.) | कैफियत |
|---|---|---|---|
| क. | रु. १० लाखसम्म पुँजी भएको तल वर्गिकरण गरिएका बाहेकका सबै किसिमका व्यवसाय | १२०० | |
| ख. | १५ लाखसम्म पुँजी भएको तल वर्गिकरण गरिएका बाहेकका सबै किसिमका व्यवसाय | १५०० | |
| ग. | ३० लाखसम्म पुँजी भएको तल वर्गिकरण गरिएका बाहेकका सबै किसिमका व्यवसाय | २५०० | |
| घ. | ५० लाखसम्म पुँजी भएको तल वर्गिकरण गरिएका बाहेकका सबै किसिमका व्यवसाय | ५००० | |
| ङ. | ५० लाखभन्दा माथि पुँजी भएको तल वर्गिकरण गरिएका बाहेकका सबै किसिमका व्यवसाय | १०००० | |
| च. | निर्माण सामाग्री हार्डवेयर पसल | ४००० | |
| **क्र.सं** | **२. विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| क. | चिकित्सक | ३००० | |
| ख. | इन्जिनियर | ५००० | |
| ग. | कानुन व्यवसायी | ३००० | |
| घ. | लेखा परिक्षक | ४००० | |

| | | | |
|---|---|---|---|
| ङ. | दन्त चिकित्सक | २५०० | |
| च. | अनुसन्धानकर्ता तथा परामर्श दाता | ३००० | |
| छ. | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | २५०० | |
| ज. | विमा एजेन्ट | २२०० | |
| झ. | अनुबादक | २२०० | |
| ञ. | पशु चिकित्सक | २५०० | |
| ट. | सामान ढुवानीकर्ता तथा कम्पनी | ३००० | |
| ठ. | संस्थागत पेन्टर | ५५०० | |
| ड. | सवारी साधन विक्रेता | ५००० | |
| ढ. | कवाडी सामान संकलन गर्ने व्यवसाय | ५००० | |
| **क्र.सं.** | **३. नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा** | | |
| क | घ वर्गको निर्माण व्यवसाय | २२५० | |
| ख | घ वर्गको निर्माण व्यवसाय (विलम्ब शुल्क) | ४५०० | |
| ग | घ वर्गको निर्माण व्यवसाय इजाजत (दर्ता शुल्क) | १०००० | |
| **क्र.सं.** | **४. उत्पादनमूलक उद्योग** | | |
| क. | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गैरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरि उत्पादन गर्ने उद्योग (२० लाखसम्म पुँजी भएको) | २५०० | |
| ख. | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गैरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरि उत्पादन गर्ने उद्योग (४० लाखसम्म पुँजी भएको) | ३५०० | |
| ग. | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गैरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरि उत्पादन गर्ने उद्योग (४० लाखभन्दा माथि पुँजी भएको) | ५५०० | |
| घ. | लघु तथा घरेलु उद्योग | २५०० | |
| ङ. | रक्सी, वियर, वाईन उत्पादन गर्ने उद्योगमा | ५००० | |

| क्र.सं. | ५. उर्जामुलक उद्योग | | |
|---|---|---|---|
| क. | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | ३३०० | |
| **क्र.सं.** | **६. पशु, कृषि तथा वनजन्य उद्योग** | | |
| क. | मुलत जडिबुटी वा वन पैदावरमा आधारित व्यवसायमा | ४००० | |
| ख. | कुखुरा, बाखा, गाई, बंगुर तथा अन्य पशुजन्य तथा फलफूल फर्म तथा व्यवसायमा (१० लाखसम्म पुँजी भएको) | १५०० | |
| ग. | कुखुरा, बाखा, गाई, बंगुर तथा अन्य पशुजन्य तथा फलफूल फर्म तथा व्यवसायमा (२० लाखसम्म पुँजी भएको) | २५०० | |
| घ. | कुखुरा, बाखा, गाई, बंगुर तथा अन्य पशुजन्य तथा फलफूल फर्म तथा व्यवसायमा (२० लाखभन्दा माथि पुँजी भएको) | ४००० | |
| **क्र.सं.** | **७. खनिज उद्योग** | | |
| क. | खनिज उत्खन वा प्रशोधन गर्ने व्यवसायमा | ६००० | |
| **क्र.सं.** | **८. पर्यटन उद्योग** | | |
| क. | साना होटल, मोटेल, रेष्टुरेन्ट (१० लाखसम्म पुँजी भएको) | २२०० | |
| ख. | मझौला होटल, मोटेल, रेष्टुरेन्ट, ट्राभल एजेन्सी, (२० लाखसम्म पुँजी भएको) | ३३०० | |
| ग. | स्कीइङ, ग्लाइडिङ, वाटर ¥याप्टीङ, पर्यटक रिसोर्ट/होटल आदी व्यवसायमा (२० लाखभन्दा माथि) | ६००० | |
| **क्र.सं.** | **९. सेवा उद्योग** | | |
| क. | परामर्श सेवा,चलचित्र व्यवसाय, सार्बजनिक परिवहन, फोटोग्राफि, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा | ३३०० | |
| ख. | कुटानी पिसानी मिल | २५०० | |

| **क्र.सं.** | **१०. निर्माण उद्योग** | | |
|---|---|---|---|
| क. | सडक, पुल, रोपवे, रेलवे, टनेल, फ्लाइङ ब्रिज तथा औद्योगिक व्यापारिक एबं आवास कम्प्लेक्स आदि निमार्ण/सञ्चालन गर्ने व्यवसायमा | ६००० | |
| **क्र.सं.** | **११. सञ्चार सेवा** | | |
| क. | छपाई तथा प्रकाशन | ३००० | |
| ख. | निजि दुरसंचार टावर | ४००० | |
| ग. | रेडियो तथा एफएम स्टेसन | ३००० | |
| घ. | टेलिभिजन स्टेसन | ५००० | |
| ङ. | इन्टरनेट सेवा प्रदायक (ISP) | ५००० | |
| **क्र.सं.** | **१२. वित्तीय सेवा** | | |
| क. | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य/विकास बैंक | २०००० | |
| ख. | आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | १०००० | |
| ग. | वित्तीय कम्पनी शाखा कार्यालय | ३००० | |
| घ. | वीमा कम्पनी | ३००० | |
| ङ. | विदेशी मुद्रा सटही | ३००० | |
| च. | धितोपत्र कारोबार | ३००० | |
| छ. | सहकारी संस्था | २००० | |
| **क्र.सं.** | **१३. स्वास्थ्य सेवा** | | |
| क. | गैरसरकारी अस्पताल | ६००० | |
| ख. | नर्सिङ होम | ६००० | |
| ग. | मेडिकल, क्लिनिक तथा ल्याब | ३००० | |
| **क्र.सं.** | **१४. शिक्षा सेवा तथा अन्य** | | |
| क. | निजी क्षेत्रका स्कुल, क्याम्पस | २००० | |
| ख. | तालिम तथा अनुसन्धान केन्द्र | ३००० | |
| ग. | टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र | २५०० | |
| घ. | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | ७००० | |
| ङ. | राष्ट्रिय गैर सरकारी संस्था | २५०० | |

| | | | |
|---|---|---|---|
| च. | क्लब, समुह लगायतका स्थानीय संस्था | १२०० | |
| छ. | टोल विकास संस्था | ५०० | प्रत्येक २ वर्षमा |
| **क्र.सं.** | **१५. मर्मत सम्भार सेवा** | | |
| क. | हेभी इक्विपमेन्ट बस, ट्रक, कार, मोटरसाइकल, टेम्पो, साइकल मर्मत/कारखाना | २००० | |
| **क्र.सं.** | **१६. अन्य सेवा** | | |
| क. | विज्ञापन सेवा | २००० | |
| ख. | बैदेशिक रोजगार सेवा | ३००० | |
| ग. | हाउजिङ तथा घरजग्गा खरिद बिक्री, रियल स्टेट | ६००० | |
| **क्र.सं.** | **१७. अन्य व्यवसाय** | | |
| क. | निजी पार्क/पिकनिक स्पट | १५०० | |
| ख. | सिनेमा घर | २५०० | |
| ग. | सिरक डसना बनाउने उद्योग | २००० | |
| घ. | डान्स, फिजिकल फिटनेस सेन्टर आदि | २००० | |

**द्रष्टव्यः**

(क) सबै व्यवसाय/संघ संस्थाहरु आर्थिक वर्ष सुरु भएको मितिदेखी सोही आर्थिक वर्षको असोज मसान्तभित्र नविकरण गर्नुपर्नेछ। कार्तिक १ गतेबाट चालु आ.व. को बक्यौता भएमा १०% जरिवाना लाग्नेछ र आर्थिक वर्ष कटी पहिलो वर्ष वक्यौतामा २५% त्यसपछि दोस्रो वर्षदेखिको बक्यौतामा ५०% जरिवाना लाग्नेछ।

(ख) विगत लामो समयदेखि अन्य निकायमा दर्ता भई यस नगरपालिकामा दर्ता/सूचीकृत नभएका सबै किसिमका उद्योग/व्यवसाय/संघ संस्थाहरुलाई एक पटकको लागि विशेष व्यवस्था गरि मिति २०८३ साल असोज मसान्त सम्ममा दर्ता/सूचीकृत हुन आएमा आ.व. २०८१/०८२ देखिको दर्ता/नविकरण शुल्क मात्र लिएर दर्ता/सूचीकृत गरिने व्यवस्था गरिएको छ। साथै उक्त समय अवधि भन्दा अगाडिको सम्पुर्ण शुल्कमा छुट हुनेछ।

## अनुसूची ७

## विज्ञापन कर

| क्र.सं. | विवरण | इकाई | दर | अवधि |
|---|---|---|---|---|
| १. | व्यवसायिक प्रचार प्रसारको उदेश्यले राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, ग्लो बोर्ड लगायत अन्य बोर्डहरु र वाल पेन्टिङ | प्रति वर्ग फिट | २०० | वार्षिक |

| | | | | |
|---|---|---|---|---|
| २. | व्यवसायिक प्रचार प्रसारको उदेश्यले राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, ग्लो बोर्ड लगायत अन्य बोर्डहरु र वाल पेन्टिङ १० वर्गफिट भन्दा सानो | प्रति गोटा | २५० | वार्षिक |
| ३. | डिस्प्ले बोर्ड | प्रति वर्ग फिट | ५०० | बार्षिक |
| ४. | व्यवसायिक प्रचार प्रसारका तुल, व्यानर | प्रति गोटा | ३०० | दैनिक |
| ५. | स्थानीय स्तरका प्रचार प्रसारका तुल, व्यानर | प्रति गोटा | १०० | दैनिक |
| ६. | व्यवसायिक प्रचार प्रसारका लागि निर्माण गरिने गेट | प्रति गोटा | १००० | दैनिक |

## अनुसूची ८
## सेवा शुल्क, दस्तुर

### क. दस्तुर

| सि.नं. | दस्तुर | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | वंशजको आधारमा नागरिकता सिफारिस | ३०० | |
| २. | नाम छुट तथा सनाखत नागरिकता सिफारिस | ३०० | |
| ३. | अंगिकृत नागरिकता सिफारिस | १५०० | |
| ४. | नाता प्रमाणित | ५०० | |
| ५. | क. पञ्जिकरण सिफारिस<br>ख. पञ्जिकरण बिलम्ब शुल्क | २००<br>२०० | |
| ६. | नाम,थर,जन्म मिति,ठेगाना,प्रहरी रिपोर्ट,साथै जातियता सम्बन्धी अन्य सिफारिस | २५० | |
| ७. | घर जग्गा तथा पेन्सन नामसारी सिफारिस | ५०० | |
| ८. | घर बाटो भएको सिफारिस | ८०० | |
| ९. | पानी, बिद्युत,टेलिफोन जडान सम्बन्धी सिफारिस | ५०० | |
| १०. | अंग्रेजी भाषामा सिफारिस वा अंग्रजिमा रुपान्तरण | १२०० | |

| | | | |
|---|---|---|---|
| ११. | चार किल्ला प्रमाणित | ६०० | |
| १२. | व्यक्तिगत प्रयोजनको लागि गरिने सरजमिन मुचुल्का आदि | २०० | |
| १३. | मेला ,उत्सब ,महोत्सब लगाउने सिफारिस | २००० | प्रतिदिन रु.१०००।०० मेला दस्तुर । |
| १४. | व्यवसाय, नाफामुलक संघ संस्था दर्ता/अन्य प्रयोजन लागि सिफारिस | १००० | |
| १५. | गैर नाफा मुलक संघसंस्था दर्ता/अन्य प्रयोजन सिफारिस अन्य विशेष प्रकृतिका सिफारिस | ५०० | |
| १६. | अन्य विशेष प्रकृतिका सिफारिस | ५०० | |
| १७. | रुख कटान सिफारिस (उतिस) प्रति रुख | १५० | |
| १८. | रुख कटान सिफारिस (चिलाउने, सल्ला लगायत अन्य) प्रति रुख | २०० | |
| १९. | रुद्राक्ष विक्रि गर्न सिफारिस प्रति बोरा | ५०० | |
| २०. | पशुपन्छी निकासीको लागि सिफारिस (प्रति गोटा) | १०० | |
| २१. | नक्सा प्रमाणित प्रति पेज | २० | |
| २२. | सम्पत्तिकर तथा अन्य रसिद प्रतिलिपी | ५० | |
| २३. | व्यवसाय/संस्था दर्ता प्रमाणपत्र प्रतिलिपी | ५०० | |
| २४. | किसान सूचीकरण परिचयपत्र प्रतिलिपी | १०० | |

**द्रष्टव्यः रुख कटान सिफारिसको लागि सामुदायिक वनका सार्वजनिक संस्थाका रुख कटान गर्नुपर्दा माथि उल्लेखित दरको दोब्बर लाग्नेछ।**

| ख. घर नक्सा पास दस्तुर | | |
|---|---|---|
| **क.सं.** | **विवरण** | **दर (रु.)** |
| १. | कम्पाउण्ड वाल प्रति रनिङ फिट | १ |
| २. | कच्ची घर प्रति वर्ग फिट ग्रामीण क्षेत्र | १ |

| | | |
|---|---|---|
| ३. | लोड वाइरिङ घर प्रति वर्ग फिट (कच्चीसडक) | ३ |
| ४. | आर.सी.सी.घर प्रति वर्ग (कच्ची सडक) | ४ |
| ५. | आर.सी.सी.घर प्रति वर्ग (पक्की सडक) | ५ |
| ६. | लोड वाइरिङ घर प्रति वर्ग फिट (पक्की सडक) | ४ |
| ७. | नक्सा शंसोधन साबिक माथि २० प्रतिशत थप | |
| ८. | हरित आवास गृह निर्माण गर्नेको लागि लाग्ने दस्तुरको ४० प्रतिशत छुट | |
| ९. | लेआउट प्रति बर्ग फुट | १ |
| **ग. नगरपालिकाको हल तथा अन्य सामान भाडा** | | |
| **क.सं.** | **विवरण** | **दर (रु.)** |
| १. | नगरपालिकाको हल प्रति दिन | १००० |
| २. | वडा केन्द्रमा रहेको हल पहिलो दिन | ५०० |
| ३. | वडा केन्द्रमा रहेको हल दोश्रो दिनदेखि थप प्रति दिन | २०० |
| ४. | स्टेज भाडा | १५०० |
| ५. | प्रोजेक्टर भाडा प्रति दिन | ५०० |
| **घ. आय श्रोत तथा चल/अचल सम्पत्ति मूल्यांकन** | | |
| **क.सं.** | **विवरण** | **दर (रु.)** |
| १. | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ५ लाखसम्म | ६०० |
| २. | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस १० लाखसम्म | १२०० |
| ३. | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस २० लाख सम्म | २२०० |
| ४. | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ३० लाख सम्म | ३२०० |
| ५. | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ५० लाख सम्म | ५२०० |
| ६. | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ५०लाख भन्दा माथि प्रत्येक १० लाख थप | २००० |
| **ङ. अन्य थप शुल्क** | | |

| क्र.सं. | विवरण | दर (रु.) |
|---|---|---|
| १. | जेसिबी/स्काभेटर सुची दर्ता शुल्क | ३००० |
| २. | सरसफाई तथा फोहोरमैला व्यवस्थापन शुल्क प्रति घरधुरी (मासिक) | १०० |
| ३. | नगरपालिकाको ट्र्याक्टर भाडा (प्रति घण्टा) | १२६० |
| ४. | व्याक हो लोडर भाडा (तेल बाहेक) प्रति घण्टा (क्रु भत्ता समेत) | १३०० |
| ५. | एक्साभेटर भाडा (तेल बाहेक) प्रति घण्टा (क्रु भत्ता समेत) | २१०० |
| ६. | ब्रेकर भाडा (तेल बाहेक) प्रति घण्टा (क्रु भत्ता समेत) | ३३०० |
| ७. | दमकलबाट निर्माणकार्य तथा अन्य विभिन्न प्रयोजनमा पानी दिएको (प्रति टयांकर) | ४८०० |

**च. नगरपालिकाको अमिन सेवा शुल्क**

| क्र.सं. | विवरण | दर (रु.) |
|---|---|---|
| १. | बसन्तपुरबाट ५,६,७,८ र ९ नं. वडाको लागि (प्रति कित्ता) | १००० |
| २. | बसन्तपुरबाट १, ३ र ४ नं. वडाको लागि (प्रति कित्ता) | ७०० |
| ३. | बसन्तपुर बजार क्षेत्र तथा २ नं. वडा भित्रको लागि (प्रति कित्ता) | ५०० |

**छ. पर्यटन क्षेत्र/पार्क प्रवेश शुल्क**

| क्र.सं. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | चो?लुङ पार्क प्रवेश शुल्क | ५० | प्रति व्यक्ति |
| २. | युमा संग्रहालय प्रवेश शुल्क | १०० | प्रति व्यक्ति |
| ३. | चो?लुङ पार्कको घोडा सवारी | १०० | प्रति व्यक्ति |
| ४. | चो?लुङ पार्कमा रहेको सांस्कृतिक पहिरन लगाएको (दौरा सुरुवाल/स्टकोट) | १०० | प्रति व्यक्ति |
| ५. | चो?लुङ पार्कमा रहेको सांस्कृतिक पहिरन लगाएको (सारी/चोलो) | १०० | प्रति व्यक्ति |
| ६. | चो?लुङ पार्कमा रहेको सांस्कृतिक गरगहना लगाएको | ३०० | प्रति व्यक्ति |

| | | | |
|---|---|---|---|
| | (सारी/चोलो + गहना सेट) | | |
| ७. | पिकनिक स्पट प्रवेश तथा सरसफाई शुल्क | ५०० | प्रति टिम |
| ८. | पर्यटन क्षेत्रभित्र ड्रोन क्यामाराले खिचेको शुल्क | १००० | प्रति दिन |
| ९. | पर्यटन क्षेत्रभित्र ठूलो पर्दाको चलचित्र छायांकन शुल्क | ५००० | प्रति दिन |
| १०. | पर्यटन क्षेत्रभित्र म्युजिक भिडियो छायांकन शुल्क | २००० | प्रति दिन |
| ११. | नगरपालिकाको सहयोगमा संचालित होमस्टेहरुबाट (शेवा शुल्क) | ५०००० | वार्षिक |

**ज. डिजिटल डिस्प्ले बोर्डको विज्ञापन शुल्क**

| क्र. सं. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १. | व्यवसायिक प्रचार प्रसारको उदेश्यले गरिने विज्ञापन २ मिनेट सम्मको | प्रति दिन | ५०० | |
| २. | गैर व्यवसायिक प्रचार प्रसारको उदेश्यले गरिने विज्ञापन २ मिनेट सम्मको | प्रति दिन | ३०० | |
| ३. | व्यवसायिक प्रचार प्रसारको उदेश्यले गरिने विज्ञापन २ मिनेट भन्दा माथि | प्रति दिन | १०० ० | |
| ४. | गैर व्यवसायिक प्रचार प्रसारको उदेश्यले गरिने विज्ञापन २ मिनेट भन्दा माथि | प्रति दिन | ७५० | |

**झ. नगरपालिकाले सञ्चालन गर्ने एम्बुलेन्सको भाडा दर**

| क्र. सं. | देखि | सम्म | भाडादर | कैफियत |
|---|---|---|---|---|
| १ | बसन्तपुर | म्याङलुङ | २४०० | |
| २ | बसन्तपुर | धनकुटा | ४२०० | |
| ३ | बसन्तपुर | धरान | ८४०० | |
| ४ | बसन्तपुर | बिराटनगर | १२००० | |
| ५ | बसन्तपुर | खरैया, भारत | २१६०० | |
| ६ | बसन्तपुर | विर्तामोड | १९२०० | |
| ७ | बसन्तपुर | दमक | १५६०० | |
| ८ | बसन्तपुर | इटहरी | १०२०० | |

| | | | | |
|---|---|---|---|---|
| ९ | बसन्तपुर | हिले | ३००० | |
| १० | बसन्तपुर | सिधुवा | १८०० | |
| ११ | बसन्तपुर | दाँगपा वडा कार्यालय सम्म | ३००० | |
| १२ | बसन्तपुर | दाँगपा छाँगेचोक माथि | २४०० | |
| १३ | बसन्तपुर | दाँगपा वडा कार्यालय तल | ४२०० | |
| १४ | बसन्तपुर | फुलेक तल्लो | २४०० | |
| १५ | बसन्तपुर | फुलेक माथिल्लो | १८०० | |
| १६ | बसन्तपुर | चम्फुला | १२०० | |
| १७ | बसन्तपुर | चित्रे | ६०० | |
| १८ | बसन्तपुर | नेभाङ | १२०० | |
| १९ | बसन्तपुर | डाँडाखर्क | ६०० | |
| २० | बसन्तपुर | टुटे, देउराली | ६०० | |
| २१ | बसन्तपुर | रातोपाटी, भुल्के माथि | ६०० | |
| २२ | बसन्तपुर | भुल्के तल | १२०० | |
| २३ | बसन्तपुर | लसुने | १२०० | |
| २४ | बसन्तपुर | सुङनाम गाविस | २४०० | |
| २५ | बसन्तपुर | सुङनाम गाविस भन्दा तल | ३००० | |
| २६ | बसन्तपुर | संसारे | १८०० | |
| २७ | बसन्तपुर | सोल्मा | २४०० | |
| २८ | बसन्तपुर | तेजेन्द्र चोक | ३००० | |
| २९ | बसन्तपुर | टिम्बुरे | ३६०० | |
| ३० | बसन्तपुर | मंगलबारे | ३६०० | |
| ३१ | बसन्तपुर | मंगलबारे मुनि (मेघा/नगरतप्पा) | ४२०० | |
| ३२ | बसन्तपुर | काँडे | १८०० | |
| ३३ | बसन्तपुर | काँडे भित्र | २४०० | |
| ३४ | बसन्तपुर | जिरिखिम्ती | १९०० | |
| ३५ | बसन्तपुर | मुडे, संखुवासभा | ३६०० | |
| ३६ | बसन्तपुर | ओखे, संखुवासभा | २४०० | |
| ३७ | बसन्तपुर | घुरबिसे | १२०० | |
| ३८ | बसन्तपुर | चौकी, संखुवासभा | ४२०० | |

| | | | | |
|---|---|---|---|---|
| ३९ | बसन्तपुर | मंगलबारे, संखुवासभा | ६००० | |
| ४० | बसन्तपुर | गुफा, संखुवासभा | ८४०० | |
| ४१ | बसन्तपुर | घुमाउने, धनकुटा | २४०० | |
| ४२ | बसन्तपुर | पल्लो घुमाउने, धनकुटा | ३००० | |
| ४३ | बसन्तपुर | मुसाङखेल सुवासचोक | १२०० | |
| ४४ | बसन्तपुर | मुसाङखेल ९ र ५ जाने जिरो प्वाइन्ट | १८०० | |
| ४५ | बसन्तपुर | मुसाङखेल ९ र ५ जाने जिरो प्वाइन्ट भन्दा तल | २४०० | |
| **ञ. नगरपालिकाले संचालन गर्ने नगर बसको भाडा दर** | | | | |
| **क्र. सं.** | **देखि** | **सम्म** | **भाडा दर (रु.)** | **कैफियत** |
| १. | बसन्तपुर | म्याङलुङ | १४५०० | रिजर्भ |
| २. | बसन्तपुर | धरान | २५२०० | रिजर्भ |
| ३. | बसन्तपुर | फुलेक स्कुल सम्म | १०८०० | रिजर्भ |
| ४. | बसन्तपुर | फुलेक स्कुल भन्दा तल | १२००० | रिजर्भ |
| ५. | बसन्तपुर | दाँगपा वडा कार्यालय सम्म | १३२०० | रिजर्भ |
| ६. | बसन्तपुर | दाँगपा वडा कार्यालय भन्दा तल | १४४०० | रिजर्भ |
| ७. | बसन्तपुर | केबुक | ६००० | रिजर्भ |
| ८. | बसन्तपुर | गुफापोखरी | २१६०० | रिजर्भ |
| ९. | बसन्तपुर | फणिन्द्र चोक | ४० | प्रति व्यक्ति |
| १०. | बसन्तपुर | पाखाबारी | ५० | प्रति व्यक्ति |
| ११. | बसन्तपुर | सुवास चोक | ६० | प्रति व्यक्ति |
| १२. | बसन्तपुर | साउने डाँडा | ७० | प्रति व्यक्ति |
| १३. | बसन्तपुर | गैरी टोल | ८० | प्रति व्यक्ति |
| १४. | बसन्तपुर | स्मारक टोल | १०० | प्रति व्यक्ति |
| १५. | बसन्तपुर | गैरीधारा स्वास्थ्य चौकी | १२० | प्रति व्यक्ति |
| १६. | बसन्तपुर | हले अधिकारी चोक | १४० | प्रति व्यक्ति |
| १७. | बसन्तपुर | तल्लो फ्याट/नर्सरी टर्निङ | १६० | प्रति व्यक्ति |
| १८. | बसन्तपुर | तिवारी टोल | १७० | प्रति व्यक्ति |

| | | | | |
|---|---|---|---|---|
| १९. | बसन्तपुर | ताराहाङटोल | १८० | प्रति व्यक्ति |
| २०. | बसन्तपुर | व्याटमिन्टन कोर्ट | १९० | प्रति व्यक्ति |
| २१. | बसन्तपुर | प्रकाश चोक/ बिरेन चोक | १५० | प्रति व्यक्ति |
| २२. | बसन्तपुर | संयुक्त सामुदायिक भवन | १६० | प्रति व्यक्ति |
| २३. | बसन्तपुर | टेक बहादुर पौडेलको घरछेउ | १७० | प्रति व्यक्ति |
| २४. | बसन्तपुर | आलडाँडा | १८० | प्रति व्यक्ति |
| २५. | बसन्तपुर | स्कुल ग्राउण्ड | १९० | प्रति व्यक्ति |
| २६. | नागदह | म्याङलुङ | ४० | प्रति व्यक्ति |
| २७. | उराठे | म्याङलुङ | ६० | प्रति व्यक्ति |
| २८. | तिनखोप्रे | म्याङलुङ | १२० | प्रति व्यक्ति |
| २९. | पंगुवाखोला | म्याङलुङ | १५० | प्रति व्यक्ति |
| ३०. | मेघा | म्याङलुङ | १८० | प्रति व्यक्ति |
| ३१. | ढुंगाखानी | म्याङलुङ | २१० | प्रति व्यक्ति |
| ३२. | मंगलबारे/ तेजेन्द्र चोक | म्याङलुङ | २२० | प्रति व्यक्ति |
| ३३. | सोल्मा स्कुल | म्याङलुङ | ३०० | प्रति व्यक्ति |
| ३४. | लसुने | म्याङलुङ | ३६० | प्रति व्यक्ति |
| **ट. नगरपालिकाले सञ्चालन गर्ने कृषि एम्बुलेन्सको भाडा दर** | | | | |
| **क्र. सं.** | **देखि** | **सम्म** | **भाडादर** | **कैफियत** |
| १ | बसन्तपुर | केबुक स्कुल | १२० | प्रति व्यक्ति |
| २ | बसन्तपुर | केबुक पछार | १६० | प्रति व्यक्ति |
| ३ | बोरामा प्याक भएर आउने चामल/चिनी/चिउरा आदी सामानहरु (बसन्तपुर-केबुक) | | १०० | प्रति बोरा |
| ४ | काटनमा प्याक भएर आउने सामानहरु (बसन्तपुर-केबुक) | | ५० | प्रति काटन |
| ५ | सुंगुर/खसी/बोका लगायतका चौपायाहरु | | ५० | प्रति गोटा |
| ६ | कृषकहरुद्धारा उत्पादित कृषिजन्य सामानहरु (व्यक्ति साथमा १ बोरा/पोका सम्म) (केबुक-बसन्तपुर) | | निःशुल्क | |

| | | | |
|---|---|---|---|
| ७ | कृषकहरुद्धारा उत्पादित कृषिजन्य सामानहरु (१ बोरा/पोका भन्दा बढी ) (केबुक-बसन्तपुर) | ५० | प्रति बोरा/पोका |
| ८ | रिजर्भ | एम्बुलेन्स भाडा बमोजिम | |

**नोटः चालु आ.व. भित्र इन्धनको मुल्यमा हेरफेर भएमा वा नयाँ स्थानहरुमा सेवा सञ्चालन गर्नु पर्ने भएमा पछि बस्ने नगर सभाले अनुमोदन गर्ने गरी नगर कार्यपालिकाको बैठकले निर्धारण गरे बमोजिम नयाँ भाडादर कायम हुनेछ।**

**ठ. बसन्तपुर अस्पतालमा उपलब्ध हुने स्वास्थ्य सेवाहरुः** बसन्तपुर अस्पतालमा उपलब्ध हुने स्वास्थ्य सेवाहरुको शुल्क बसन्तपुर अस्पताल सञ्चालनन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**ड.** कृषि तथा पशुपंक्षी विकास शाखा मार्फत् सञ्चालन हुने ल्यावको दररेट ल्याब सञ्चालन भए पश्चात् पछि बस्ने नगर सभाले अनुमोदन गर्ने गरी नगर कार्यपालिकाको बैठकले निर्धारण गरे बमोजिम हुनेछ।

## अनुसूची ९

## पार्किङ्ग शुल्क

नगरपालिकाले तोकेको पर्यटकीय क्षेत्रभित्र पर्यटकहरुबाट सवारी साधन पार्किङ्ग गरे बापत् (विशेष गरि गुराँस फुल्ने समय र हिंउ पर्ने समयमा) देहाय बमोजिम पार्किङ्ग शुल्क लगाइने छ।

- हेभि सवारी साधन रु. ५०
- इन्धनले चल्ने हलुका सवारी साधन (कार, जिप) रु. ४०
- विद्युतीय हलुका सवारी साधन (कार, जिप) रु. ३०
- टेम्पोमा रु. २५
- इन्धनले चल्ने मोटर साइकल/स्कुटर रु. १५
- विद्युतीय मोटर साइकल/स्कुटर रु. १०

## अनुसूची १०

## हाट बजार कर

अस्थायी हाटबजारमा वा घुम्ती पसल राखी गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय कर लगाइनेछ।

- घुम्ती मोबाइल पसल रु. १००।००
- चौपाया प्रति गोटा रु. ३०।००
- हाँस, कुखुरा आदि प्रति गोटा रु. १०।००
- साग सब्जी र फलफुल पसल रु. ५।००
- अन्य रु. १०।००

## अनुसूची ११

## कवाडी कर

| क्र. सं. | विवरण | इकाई, प्रति | दर (रु.) |
|---|---|---|---|
| १. | फलामजन्य सामान | किलोग्राम | २ |
| २. | कागजजन्य सामान | किलोग्राम | १.५ |
| ३. | स्टिलजन्य सामान | किलोग्राम | २ |
| ४. | सिसा-वियर, वाइनको बोतल | गोटा | ०.२५ |
| ५. | सिसा-क्वाटर बोतल | गोटा | ०.२० |
| ६. | अन्य बोतल | किलोग्राम | ०.२० |
| ७. | सिसा फुटेको | किलोग्राम | ०.२० |
| ८. | प्लाष्टिकजन्य सामाग्री | किलोग्राम | २ |
| ९. | काँस, तामा, पितल, सिलबर, आलमुनियम लगायतका पत्रु सामान | किलोग्राम | २ |
| १०. | पुरानो टायर तथा ट्युब | किलोग्राम | ०.५० |
| ११. | अन्य काम नलाग्ने बस्तुहरु | किलोग्राम | ०.५० |

**आज्ञाले**

**रविन कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**